# जीतपुरसिमरा उपमहानगरपालिका, नगरकार्यपालिकाको
# उनन्तिसौं बैठक

आज मिति २०७५।०९।१२ गते बिहिवार दिउसो १२:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको उनन्तिसौं बैठक नगरप्रमुख डा.कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित विषयहरुमा छलफल गरीयो ।

**उपस्थिति**

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहित चौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री विनोद प्रसाद यादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसाद सिंह थारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदारनाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, कार्यपालिका सदस्य

श्री रामदुलारी चौधरी, कार्यपालिका सदस्य

श्री सुन्दर बहादुर सुनार, कार्यपालिका सदस्य

श्री श्याम सुन्दर पासवान, कार्यपालिका सदस्य

श्री राजकुमार महरा, कार्यपालिका सदस्य

श्री अनिता देवी चौधरी, कार्यपालिका सदस्य

श्री सुभद्रा न्यौपाने, कार्यपालिका सदस्य

श्री कमल चौधरी, कार्यपालिका सदस्य

श्री शिवराज सेढाई – स.सचिव

अन्य उपस्थिती

श्री पवन कुमार अधिकारी, लेखा अधिकृत
श्री टेकेन्द्र अधिकारी, शाखा अधिकृत
श्री टिना सुवेदी, आलेप अधिकृत

श्री वीरेन्द्र वाईबा,ना.सु.

<u>कार्यपालिकाको उनन्तीसौ वैठकका प्रस्तावहरु:</u>

१. रिपोर्टिङ्ग तथा कार्य प्रगति

२. मेशिन उपकरण परिचालन कायिविधि

३. अपाङ्गता परिचयपत्र कार्यविधि

४. युआइआइपी परियोजना

५. घरेलु लघु उद्योग ग्राम

६. ट्रयांकर पार्क अमलेखगञ्ज र ट्रक पार्क पथलैया

७. विपत्त व्यवस्थापन योजना

८. कर्मचारी समायोजन

९. भूमि व्यवस्थापन

१०. कवाडीकर ठेक्का

११. विविध:

<u>निर्णयहरु</u>

१) नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेल र नि. प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईबाट उपमहानगरका समग्र गतिविधि, प्रशासनिक काम कारवाही तथा योजना सञ्चालन सम्वन्धी विवरण प्रस्तुत भयो ।

२) "जीतपुरसिमरा उपमहानगरपालिकाको मेशिन उपकरण परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५" सुझावसहित स्वीकृत गरियो ।

३) अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ स्वीकृत गरियो । उक्त कार्यविधिको प्रकरण नं ६ को बमोजिमको समन्वय समिति निम्नानुसार गठन गरियो ।

| | |
|---|---|
| क) संयोजक | श्री सरस्वती चौधरी, उपप्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका |
| ख) सदस्य | श्री सुभद्रा न्यौपाने, कार्यपालिका सदस्य, जीतपुरसिमरा उपमहानगरपालिका |
| ग) सदस्य | श्री तिलक खडका, उमहानगरपालिका भित्रका मा विका प्र.अ. वा स्रोत व्यक्तिहरु मध्ये नगर प्रमुखले तोकेको स्रोत व्यक्ति |
| घ) सदस्य | डा. अनुज था, नगर कार्यपालिका प्रमुखले तोकेको स्थानीय स्वास्थ्यचौकी वा अस्पतालको चिकित्सक मध्येबाट |
| ङ) सदस्य | प्र.नि. सुवास हमाल, स्थानीय प्रहरी कार्यालय प्रमुख, इलाका प्रहरी कार्यालय, सिमरा |
| च) सदस्य | श्री धन प्र. बजागाई, अपाङ्गता भएका व्यक्तिको हकहित र संरक्षणका क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघसंस्थाहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको संस्थाका प्रतिनिधि |

छ) सदस्य ………………, उपमहानगरपालिकाभित्रका अपाङ्गता भएका व्यक्तिहरुमध्येबाट समन्वय समितिले मनोनयन गरेको एक महिलासहित तीन जना

ज) सदस्य मुना देवी समाल, उपमहानगर नगरकार्यपालिका अपाङ्गता हेर्ने शाखा प्रमुख

झ) सदस्य ………………, उपमहानगरपालिकाको उपप्रमुखले तोकेको उपमनपा कर्मचारी

४) एशियन इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकको लगानीमा सञ्चालन हुने शहरी पूर्वाधार लगानी आयोजनाको सन्दर्भमा काठमाण्डौमा मिति २०७५ मंशिर २७ गते भएको अभिमुखीकरणबारे कार्यपालिका सदस्यहरुलाई जानकारी गराइयो । उक्त परियोजनाको प्राथमिकतामा ध्यान दिने निर्णय गरियो ।

५) जीतपुरसिमरा नगर क्षेत्रभित्र साना तथा मध्यम तहको उद्यमलाई आवश्यक पूर्वाधारलाई मध्यनजर गर्दै उपयुक्त स्थान र जग्गा छनौट एवम् स्थापना प्रक्रियाको सहजीकरणका लागि तपसिल बमोजिम कार्यदल निर्माण गर्ने निर्णय गरियो:-

| | |
|---|---|
| संयोजक | श्री कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका |
| सदस्य | श्री सरस्वती चौधरी, उपप्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका |
| सदस्य | श्री मोहित चौधरी, वडाध्यक्ष– ०५, जीतपुरसिमरा उपमहानगरपालिका |
| सदस्य | श्री रामबाबु गुप्ता, वडाध्यक्ष– ०७, जीतपुरसिमरा उपमहानगरपालिका |
| सदस्य | श्री सरोज पटेल, वडाध्यक्ष– १०, जीतपुरसिमरा उपमहानगरपालिका |
| सदस्य | श्री कृष्ण ब. ठकुरी, वडाध्यक्ष – २१, जीतपुरसिमरा उपमहानगरपालिका |
| सदस्य | श्री श्यामसुन्दर पासवान, कार्यपालिका सदस्य, जीतपुरसिमरा उपमहानगरपालिका |
| सदस्य | अध्यक्ष, नगर उद्योग बाणिज्य संघ, जीतपुरसिमरा उपमहानगरपालिका |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत, जीतपुरसिमरा उपमहानगरपालिका |

साथै विशेषज्ञहरुबाट परामर्श सेवा लिने निर्णय गरियो ।

६) मोतिहारी– अमलेखगंज्ञ पेट्रोलियम पाइपलाइन विस्तारलाई मध्यनजर गर्दै वडा नं. २१ स्थित नेपाल आयल निगम क्षेत्रीय कार्यालयको पूर्व र दुधौरा नदी पश्चिमसम्मको उपयुक्त क्षेत्रमा सम्वन्धित निकायहरुसंग समन्वय गरी पेट्रोलियम ट्यांकर पार्क निर्माण गर्ने कार्य अघि बढाउने निर्णय गरियो । साथै वडा नं १ स्थित पथलैया बजारको ट्रक पार्किङ्स्थल सम्बन्धी समस्या समाधानका लागि पहल गर्ने निर्णय गरियो ।

७) बढदो जाडो र सम्भावित शितलहरीको अवस्थालाई मध्यनजर गर्दै चेतनामूलक सन्देश प्रसारण गर्ने निर्णय गरियो । परिभाषित बिपन्नलाई न्यानोको प्रवन्ध गरी विपद् व्यवस्थापन गर्न सरोकारवालाहरुसंग सहकार्य र समन्वय गरी अगाडी बढ्ने निर्णय गरियो।

८) नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्मचारी समायोजन शाखाको च.नं. २५ प.. सं. २०७५/०७६ मिति २०७५/०८/२४ को समायोजन पत्र दिने सम्बन्धी पत्रानुसार यस उपमहानरपालिकामा गाभिएका साविक स्थानीय निकायबाट नियुक्ति पाई हाल यस उपमहानगरपालिकामा कार्यरत विभिन्न पद तह सेवा समुहका १७ जना कर्मचारीहरुलाई समायोजन पत्र दिने निर्णय गरियो ।

९. सार्वजनिक तथा एलानी पर्ती जग्गाको संरक्षण गर्नुपर्ने दायित्वलाई मध्यनजर गर्दै नेपाल सरकार गृह मन्त्रालयको च.नं.११५ प. सं. २०७५/०७६ मिति २०७५/०६/१५ पत्रानुसार विवरण संकलनका लागि वडा कार्यालयहरुलाई परिचालन गर्ने निर्णय गरियो ।

१०. विविध:

क) आ. व. २०७५।०७६ मा सञ्चालनका लागि नगरसभाबाट पारित भएका तपसिल बमोजिमका योजनाहरु आगामी नगरसभाबाट समर्थन हुने गरी तपसिल बमोजिम संशोधन गर्ने निर्णय गरियो:-

| क.सं. | विगतमा पेश भएको योजना | रकम रु. | संसोधन भएको योजना | रकम रु. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जगदम्वा देखी अगाडी अमृतलाल श्रेष्ठको घर हुँदै खानेपानी कार्यालयको अगाडिसम्म बाटो ढलान | ९,००,००० | जगदम्वा देखि अगाडी अमृतलाल श्रेष्ठको घर हुँदै खानेपानी कार्यालयको अगाडिसम्म नाला निर्माण | ९,००,००० | १ | वडा स्तरिय |
| २ | धर्मेश्वर मन्दिर ३ नं पुलसम्म बनपथ बाटोमा ग्राभेल राख्ने र १ नम्वर पुलको पानी निकासाको लागी ह्युमपाइप खरिद | ५,००,००० | धर्मेश्वर मन्दिर ३ नं पुलसम्म बनपथ बाटोमा नाला निर्माण | ५,००,००० | १ | वडा स्तरिय |
| ३ | जगदम्वा देखि खानेपानीसम्मको बाटो ढलान | २०,००,००० | जगदम्वादेखि खानेपानीसम्मको बाटोमा नाला निर्माण | २०,००,००० | १ | नगर स्तरिय |
| ४ | महिलाको लागि ब्यूटिशियन तालिम कार्यक्रम | २००,०००. | विपन्न, गरिव, जेहेन्दार, अपाङ्ग छात्राहरुलाई साईकल वितरण | २,००,००० | १० | वडा स्तरिय |
| ५ | सार्वजनिक शौचालय निर्माण | २,००,००० | पार्वती मन्दिर निर्माण | २,००,००० | १० | वडा स्तरिय |
| ६ | इमलीटोल नाला निर्माण | १५,००,००० | इमलीटोल बाटो ढलान | १५,००,००० | ११ | वडा स्तरिय |
| ७ | धार्मिक तथा सांस्कृतिक पर्व कार्यक्रम | | सडक पोल बत्ती जडान | ५०,००० | ११ | वडा स्तरिय |
| ८ | अपाङ्गहरुलाई सहायक सामाग्री वितरण | ४,००,००० | (क) अपाङ्ग सहयोग कार्यक्रम<br>(ख) दलित लक्षित सीपमूलक कार्यक्रम<br>(ग) सरसफाई प्रचारप्रसार<br>(घ) बालक्लब बालबालिका लक्षित कार्यक्रम<br>(ङ)धर्म संस्कृति रितिरिवाज संरक्षण | ५०,०००<br>१,५०,०००<br>७५,०००<br>२५,०००<br>१,००,००० | १५ | वडा स्तरिय |

ख) वडा कार्यालय सञ्चालनका लागि १५ नं. वडा कार्यालयले साउन १ गते देखि भुक्तानी दिने गरी पेश गरेको मासिक रु. ८,०००।०० घरभाडा स्वीकृत गर्ने निर्णय गरियो ।

ग) वडा नं ६ मा जलसा कार्यक्रम सञ्चालनका लागि नगरपालिकाको व्याक होललोडरले नभ्याएको कारण भाडामा लगाएबापत महेन्द्रनगर कन्स्ट्रक्शनलाई रु. १२८,०००।०० मर्मत सम्भार कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

घ) यस जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रको औद्यौगिक प्रदुषणबाट सिर्जित वातावरणीय चुनौतीलाई आत्मसात गर्दै १ जना वातावरण इन्जिनियर र डुमरवानास्थित शहरी स्वास्थ्य क्लिनिकका लागि १ मेडिकल अधिकृत र १ जनस्वास्थ्य अधिकृतको सेवा करारमा लिनका लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

ङ) अन्तरराष्ट्रिय अपाङ्ग दिवसको अवसरमा यस उपमहानगरपालिकासंगको सहकार्यमा नेपाल अपाङ्ग सेवा संघ सिमराद्वारा २०७५ मंसिर १७ गते सिमरामा भएको कार्यक्रमको लागि मांग गरिएको रकम मध्ये रु ५०,०००।०० भुक्तानी दिने निर्णय गरियो ।

च) वडा सदस्यहरुको कार्यविभाजन प्रस्ताव पारीत गरी सोको प्रभावकारी कार्यान्वयनका लागि वडा कार्यालयहरुमा पठाउने निर्णय गरियो ।